
# लेखापरीक्षण प्रतिवेदन

## म्याग्दे गाउँपालिका, तनहुँ

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## म्याग्दे गाउँपालिका, तनहुँ

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि

(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य

(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता

(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/401

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्ष ज्यू,

म्याग्दे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
तनहुँ।

## कैफियतसहितको राय

हामीले गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण,स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।
हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण,स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरण ले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१.गाउँपालिकाको रु.१ अर्व २० करोड ९६ लाख ४५ हजार लेखापरीक्षण गरिएकोमा रू.१ करोड ७८ लाख २४ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु १० लाख ३६ हजारको प्रतिक्रिया उपर कारबाही भई बाँकी बेरुजु रु.१ करोड ६७ लाख ८८ हजार मध्ये असुल गर्नुपर्ने रू १२ लाख ९९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड २८ लाख ७१ हजार, नियमित गर्नुपर्ने रु.२६ लाख १७ हजार रहेको छ। गत वर्षसम्म रु.४ करोड ९९ लाख २७ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.६ करोड६७ लाख १५ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको ब्यहोरा यसैसाथ संलग्न छ।

२.गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत प्रतिवेदन (म.ले.प.फा.नं २७०) मा अन्तरसरकारी हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१२ करोड ७६ लाख २८ हजार, गरिब सँग विशेश्वर कार्यक्रम रु.४ लाख १५ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम ३० लाख ८० हजार र एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम रु.९९ लाख ७० हजार समावेश गरेको छैन ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८,१४,१७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । एकीकृत वित्तीय विवरण तयार गर्ने गाउँपालिका सँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौ ।लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरु राय ब्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा बिश्वस्त छौं।

**अन्य ब्यहोरा:**

गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका ब्यहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरुपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी म्याम्दे गाउँपालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका,गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरुपमा गलत आँकडा मानिएको छ।

( राजेन्द्र राज ओझा )

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

## चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५० | २६ | १,७८,२४,८२२ | ० | ३ | १०,३६,२८४ | ० | ५० | २३ | १,६७,८८,५३८ | १२,९९,९९८ | २६,१७,२१० | १,२८,७१,३३० | ० | ० | १,५४,८८,५४० | ० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फर्स्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| तनहुँ | ४,९९,२७,००० | ० | ० | ४,९९,२७,००० | ० | १,६७,८८,५३८ | ६,६७,१५,५३८ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ४० | भुक्तानीको प्रमाण | ४५,२०० |
| २ | २०८०/८१ | १८ | पाठ्यपुस्तक | ३०,३९७ |
| ३ | २०८०/८१ | १०.१ | ढुंगा गिटी वालुवा ईट्टा कवाडी स्थानीय उत्पादनको शुल्क | ९,६०,६८७ |
| जम्मा | | | | १०,३६,२८४ |

# (८०४३८५०६३०० - म्याग्दे गाउँपालिका, तनहुँ)

## परिचय

१ **परिचयः**

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्वेश्यले यस म्याग्दे गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु म्याग्दे पालिकाको उद्देश्य रहेको छ । यस म्याग्दे गाउँपालिका अन्तर्गत ७ वडा, ३८ सभा सदस्य, ११५ वर्ग किलोमिटर क्षेत्रफल तथा २३५७८ जना जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।०८। ०६ देखि २०८१।०८।१६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १०,२३,६९२ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | राजश्व तर्फको असुली | ६७१८४१ |
| २ | शिक्षा तर्फको असुली | २६४५५३ |
| ३ | दोहोरो भत्ता बापतको असुली | ८७२९८ |

पालिकाको एकीकृत आर्थिक विवरण यसप्रकार छः

| सि.नं | शिर्षक | रकम | सि.नं | शिर्षक | रकम |
|---|---|---|---|---|---|
| | **(क) शुरुमौज्दात** | | | **(क)एकमुष्ट खर्च:** | |
| १ | १. संचितकोष खाता अल्या | १५,४५,१०,८९०.६१ | | चालु खर्च | |
| | **(ख)आन्तरिक स्रोत** | | | पुँजिगतखर्च | |
| २ | १.गाउँपालिकाको कुल आन्तरिक आय | ५,६६,४५,२५२.४५ | | **(ख)म्याग्दे गाउँपालिका अन्तर्गत** | |
| | **(ग) राजश्वबाँडफाँड** | | १ | १.म्याग्दे गाउँपालिका चालु खर्च | १२,६२,४४,४०२.३४ |
| ३ | १. राजश्वबाँडफाँड (संघिय सरकार) | ७,०५,९५,३८४.४४ | २ | २.म्याग्दे गाउँपालिका पुँजिगत खर्च | १६,२७,३३,७५३.०० |
| ४ | २. राजश्वबाँडफाँड (प्रदेश सरकार) | ५८,६१,०७९.०० | | **(ग) संघियसरकार बाट हस्तान्तरित कार्यक्रम** | |
| ५ | ३. राजश्वबाँडफाँड (स्थानीय) | ९३,४४,४५८.७७ | ३ | १. शशर्तअनुदान चालु खर्च | १५,५५,९४,५७५.०३ |
| | **(घ) प्रदेशसरकार बाट प्राप्त अनुदान** | | ४ | २. शशर्तअनुदान पुँजिगत खर्च | ४१,६६,१२६.०० |
| ६ | १. प्रदेशसरकार समानिकरण अनुदान | ९१,२०,७५०.०० | ५ | ३. समपुरकअनुदान पुँजिगत खर्च | ४१,५९,६८३.०० |
| ७ | २. प्रदेशसरकार शशर्त अनुदान | ०.०० | ६ | ४. विशेषअनुदान पुँजिगत खर्च | ५४,०९,२४९.०० |
| ८ | ३. प्रदेशसरकार समपुरक अनुदान | ३९,९४,०००.०० | | **(घ) प्रदेशसरकारबाट हस्तान्तरित कार्यक्रम** | |
| ९ | ४. प्रदेशसरकार विशेष अनुदान | ४९,९१,६००.०० | ७ | १. शशर्तअनुदान चालु खर्च | ०.०० |
| | **(ङ) संघियसरकार बाट प्राप्त अनुदान** | | ८ | २. समपुरकअनुदान पुँजिगत खर्च | ३९,९४,०००.०० |
| १० | १. संघियसरकार समानिकरण अनुदान | ८,८४,४३,००१.६६ | ९ | ३. विशेषअनुदान चालु खर्च | ४९,९१,६००.०० |
| ११ | २. संघियसरकार शशर्त अनुदान | १५,९७,६०,७०१.०३ | | **(ङ) संघियसरकार अन्तरसरकारी अख्तियारी** | |
| १२ | ३. संघियसरकार समपुरक अनुदान | ४१,५९,६८३.०० | १० | १. सामाजिकसुरक्षा तथा संरक्षण चालु खर्च | १२,७६,२८,७७७.०० |
| १३ | ४. संघियसरकार विशेष अनुदान | ४९,०९,२४९.०० | ११ | २. गरिवसँग विशेश्वर कार्यक्रम चालु खर्च | ४,१५,०००.०० |
| | **(च) संघियसरकार अन्तर सरकारी अख्तियारी** | | १२ | ३. एकिकृतपुर्वाधार विकास कार्यक्रम पुँजिगत खर्च | ९९,७०,२३४.०० |
| १४ | १. सामाजिकसुरक्षा तथा संरक्षण | १२,७६,२८,७७७.०० | १३ | ४.स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम खर्च | ३०,८०,०००.०० |
| १५ | २. गरिबसँगविशेश्वर कार्यक्रम | ४,१५,०००.०० | | **(च) प्रदेशसरकार अन्तरसरकारी अख्तियारी** | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | ३.स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३०,८०,०००.०० | १४ | १. उर्जाजलस्रोत तथा खानेपानी मन्त्रालय चालु खर्च | १५०,०००.०० |
| १७ | ४. एकिकृतस्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ९९,७०,२३४.०० | | **(छ) धरौटीतथा कोषहरु** | |
| | **(छ) प्रदेशसरकार अन्तरसरकारी अख्तियारी** | | १५ | १. धरौटीफिर्ता | २६,९२,३६६.६८ |
| १८ | १. उर्जाजलस्रोत तथा खानेपानी मन्त्रालय | १,५०,०००.०० | १६ | २. धरौटीसदरस्याहा | २,३२,२७२.०० |
| | **(ज) धरौटीतथा कोषहरु** | | १७ | ३. धरौटीमौज्दात | १,०५,,३८८.१३ |
| १९ | १. धरौटीअल्या रकम | ८७,४९,७८०.११ | १८ | ४. विभाज्यकोष मौज्दात | ९,९३,५०१.०० |
| २० | २. यस आ.वमा प्राप्त धरौटी रकम | ४७,६९,२४६.७० | | **(ज) प्रकोपव्यवस्थापन कोष** | |
| २१ | ३. प्रकोपव्यवस्थापन कोष | १४,०६,९४७.०० | १९ | १. प्रकोपव्यवस्थापन कोष खर्च | १२,४५,९१३.०० |
| २२ | ४. विभाज्यकोष प्राप्ति | ९,९३,५०१.०० | २० | २. प्रकोपव्यवस्थापन कोष खाता मौज्दात | १,६१,०३४.०० |
| | **(झ) अन्यप्राप्ति** | | | **(झ)म्याग्दे गाउँपालिका विविध खाता** | |
| २३ | १. विविधखाता अल्या | ७,३९,३३६.०० | २१ | १.म्याग्दे गाउँपालिका विविध खाता खर्च | ३८,०९,०७७.०० |
| २४ | २. विविधखाता प्राप्त | ४१,१०,५८८.९८ | २२ | २.म्याग्दे गाउँपालिका विविध खाता मौज्दात | १०,४०,८४७.९८ |
| | | | | **(ञ)म्याग्दे गाउँपालिका संचितकोष मौज्दात** | १०,५५,४२,५६०.६८ |
| | | | | | |
| | **कुल जम्मा** | **७३,४८,४९,३६१.४९** | | **कुल जम्मा** | **७३,४८,४९,३६१.४९** |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **राजस्व लक्ष्य तथा असुलीः**

पालिकाको आर्थिक ऐन,२०८० तथा पालिकाको नीति तथा कार्यक्रममा राजस्व प्रणालीलाई सुचनामैत्री, सुद्बद वनाउने,करका दर तथा दायरा वृद्धि तथा नीतिमा पुनरावलोकन, आन्तरिक आयलाई वैज्ञानिक वनाउने उल्लेख गरेको छ । पालिकाको विगत ३ वर्षको राजस्व लक्ष्य तथा असुली अवस्था देहायअनुसार रहेको छ ।

रु हजारमा

| **आर्थिक वर्ष २०७८।०७९** | | **आर्थिक वर्ष २०७९।०८०** | | **आर्थिक वर्ष २०८०।०८१** | |
|---|---|---|---|---|---|
| लक्ष्य | असुली | लक्ष्य | असुली | लक्ष्य | असुली |
| ४७४०७ | ३५७१० | ६४८३० | ३१९४६ | ८१००० | ५६६४४ |

उपरोक्तानुसार आर्थिक वर्ष २०७८।७९ मा लक्ष्यको तुलनामा ७५.३६ प्रतिशत, २०७९।८० मा ४९.२८ प्रतिशत र आर्थिक वर्ष २०८०।८१ मा ६९.९३ प्रतिशत असुली भएको अवस्था छ । यो वर्षको राजस्व असुलीमा ६९.९३ प्रतिशत मात्र प्रगति देखिंदा समग्र कार्यसम्पादन स्तर घटेको छ । वार्षिक वजेट तथा नीतितथा कार्यक्रममा उल्लेख भएका विषयलाई संवोधन गरी वस्तुनिष्ठ राजस्व प्रक्षेपण तथा असुलीमा जोडदिनुपर्दछ ।

३ **आन्तरिक र खर्च आयको विश्लेषणः**

पालिकाको यस आर्थिक वर्षको आन्तरिक आय र खर्चको विवरए देहाय बमोजिम रहेको छ ।

**रु हजारमा**

| क्र.स. | आर्थिक वर्ष | आन्तरिक आय रु | पालिकाको जम्मा खर्च रु | आयको तुलनामा खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०८०।८१ | ४३८१६ | ४६७२३० | ९.७७ |

पालिकाको यस आर्थिक वर्षको जम्मा खर्च रु ४६ करोड ७२ लाख ३० हजार रहेको छ भने राजश्व संकलन ४ करोड लाख १० हजार गरेको छ । पालिकाको आन्तरिक आय कूल खर्चको ९.७७ प्रतिशत हुन आउँछ जुन खर्चको तुलनामा आन्तरिक आय न्यून रहेको देखिन्छ ।तसर्थ पालिकाले समग्र आन्तरिक राजस्व अभिवृद्धि गरी परनिर्भरतालाई क्रमश घटाउदै जानुपर्दछ ।

४ **घरभाडा आम्दानीः**

पालिकाले तर्जुमा गरेको आर्थिक ऐन,२०८० को दफा ३ वमोजिम कुनै व्यक्ति वा संस्थाले भवन,घर, पसल, ग्यारेज,वर्कसप, गोदाम भाडामा लगाएमा अनुसुची ३ वमोजिम संस्थाको हकमा १० प्रतिशत र व्यक्तिको हकमा ५ प्रतिशत कर लगाईने उल्लेख छ । यस पालिकाको मुख्य वजार एरिया थर्पुवजार, जामुने, अकला लगायत रहेको र घरभाडा कर उठ्ने सम्भावना भएको देखिएको छ । यस वर्ष सम्म पालिका भित्र के कति घरधनी दर्ता भएको छन एकीकृत लगत विवरण उपलव्ध हुन सकेन । घरभाडा वापत पालिकाले रु १० लाख असुल गर्ने लक्ष्य राखेकोमा रु. १० लाख २२ हजार असुली भएको छ । लक्ष्य अनुसार राजस्व असुल भएतापनि घरवहाल कर स्थानीय तहको प्रमुख आर्थिक स्रोत हो तर घरवहाल करमा पालिकाले घरभाडा कर तिर्ने करदाताको म्यापिङ(Mapping) गरेको देखिएन । साथै कति करदाताले घरभाडा कर दाखिला गरे नगरेको समेत एकिकृत लगत सिस्टमवाट देखिदैन । घरवहाल करलाई करको दायरामा ल्याई राजस्वको दायरा विस्तार गर्नुपर्दछ ।

५ **सम्पत्ति करः**

पालिकाले तर्जुमा गरेको आर्थिक ऐन,२०८० को दफा ३ वमोजिम पालिका क्षेत्र भित्र अनुसुची १ वमोजिम सम्पत्तिकर लगाईने उल्लेख छ । यसवर्ष पालिकाभित्र सम्पति कर तिर्ने करदाता के कति रहेको छन् विवरण प्राप्त हुन सकेन। पालिकाले रु ६ लाख असुल गर्ने लक्ष्य राखेकोमा रु ६ लाख २५ हजार असुली भएको छ । सम्पत्ति कर स्थानीय तहको प्रमुख आर्थिक स्रोत हो तर सम्पत्ति करमा पालिकाले कर तिर्ने करदाताको म्यापिङ(Mapping) गरेको देखिएन । साथै कति करदाताले कर दाखिला गरे नगरेको समेत एकिकृत लगत सिस्टमवाट देखिदैन । सम्पत्ति करलाई करको दायरामा ल्याई राजस्वको दायरा विस्तार गर्नुपर्दछ ।

६ **नक्सापासः**

पालिकाले तर्जुमा गरेको आर्थिक ऐन,२०८० को दफा ११ वमोजिम पालिका क्षेत्र भित्र अनुसुची ०९ वमोजिम नक्सापास दस्तुर लगाईने उल्लेख छ । यो वर्ष नक्सापासमा ८ लाख असुल गर्ने लक्ष्य राखेकोमा १३ लाख असुल भएको छ । हालसम्म के कति घरधनीहरुले नक्सापास गरेका छन र वाँकी कतिले दायरामा आएका छन् स्पष्ट रेकर्ड नै नभएकोले विश्लेषण गर्न सकिएन ।करको दायरमा नआएका घरधनिहरुलाई दायरमा ल्याई साथै अभिलेखीकरण का लागि प्राप्त निवेदन उपर समयमै निर्णय गर्ने र घरधनिहरुलाई घर नम्सा अभिलेखीकरण गरी सम्पन्न प्रमाणपत्र जारी गर्नुपर्दछ ।

७ **व्यवसायकरः**

पालिकाले तर्जुमा गरेको आर्थिक ऐन,२०८० को दफा ४ वमोजिम पालिका क्षेत्र भित्र अनुसुची ३ वमोजिम व्यवसायकर लगाईने उल्लेख छ ।यस पालिकाको कार्यक्षेत्रभित्र कति करदाता व्यवसायकरमा दर्ता भएको छन् कुनै स्पष्ट रेकर्ड नै नभएकोले विश्लेषण गर्न सकिएन । व्यवसाय करमार्फत यसवर्ष रु. ५० हजार राजस्व असुल गर्ने लक्ष्य राखेकोमा रु ७३ हजार असुली भएको छ । यस गाँउपालकिको थर्पु

वजार जामुने र अकला क्षेत्रमा थुप्रै व्यवसायजन्य क्रियाकलाप हरु भएको देखिएकोले यस क्षेत्रमा थप पहल गरी राजस्वको दायरामा वढोत्तरी गर्नुपर्दछ ।

८ **विज्ञापन करः**

पालिकाको आर्थिक ऐन, २०८० को दफा ६ वमोजिम विज्ञापन कर लगाईने व्यवस्था भएतापनि हालसम्म यस शीर्षकवाट कुनै रकम असुली भएको छैन । यसतर्फ पालिकाले राजस्वको दायरा विस्तार गर्नुपर्दछ ।

९ **वक्यौता व्यवस्थापन प्रणालीः**

यस वर्षसम्म दर्ता भएका कूल करदाता कति हुन र कति करदाताले करदाखिला गरे साथै २०८१ आषाढ सम्म के कति करदाताले कर तिर्न वांकी रहेको छ वांकी वक्यौता कति हो सोको अद्यावधिक विवरण पेश हुन सकेन । पालिकाले करदाताको वक्यौता अभिलेख रियलटाईम अद्यावधिक भएको पाईएन तसर्थः करदाताको रियल टाईम वक्यौता देखिने गरी प्रणालीको विकास गरी लगत अद्यावधिक गर्नुपर्दछ ।

१० **ढुंगा गिटी वालुवा ईट्टा कवाडी स्थानीय उत्पादनको शुल्कः**

१०.१ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **९६०,६८७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

१०.२ म्याग्दे गाँउपालिकाको आर्थिक ऐन,२०८० को दफा ८ मा स्थानीय उत्पादन विक्री शुल्क लगाईने राजस्व दाखिला गर्नुपर्ने व्यवस्था छ । राजस्व परामर्श समितिकोको २०८०।११।२१सिफारिस अनुसार गाँउपालिकावाट अनुमति नदिई उत्खनन गरेका तथा गत वर्ष अनुमति तथा संगै उत्खनन गरी विक्री नगरी वाँकी रहेका नदिजन्य ढुंगा गिटी वालुवा लगायतका साधारण निर्वाहमुखी सामग्रीको कार्यालयवाट मौज्दात प्रमाणित नभएका सार्वजनिक वन,जग्गा नदी किनारमा संकलन गरी राखेका सामानहरुको निम्नानुसारका स्थानमा देखिएका परिमाणको लिलाम विक्री गर्ने प्रयोजनको लागि अनुगमन प्रतिवेदन पेश गर्न प्राविधिकलाई अख्तियारि दिएको छ ।

१०.३ प्राविधिकको अनुगमन प्रतिवेदनका आधारमा देखिएको व्यहोरालाई जिल्ला समन्वयन समितिलाई सिफारिस गरेको र जि स स को १८२९( २०८०।१२।२७)को पत्रवमोजिम तथा राजस्व परामर्श समितिको निर्णयानुसार निम्नानुसारको सामान जफत गरि ठेक्का लगाउने निर्णय गरेकोमा थुप्रो नं १,४ र ६ को सम्मानित उच्च अदालतमा विचाराधिन रहेको । थुप्रो नं ५, ३७ हजार ४९० क्यु फिट,२ को १ लाख ८१ हजार ०४० क्यु फिट र ३ को २ लाख ३७ हजार ८९९ क्यु फिट को यस वर्ष ठेक्का सम्झौता भएको कार्यालयको भनाई रहेको छ । तसर्थः पालिकककको कार्यक्षेत्रभित्र रहेका नदिजन्य सामाग्रीको अवैध उत्खनन तथा चोरी निकासी पैठारी कार्यलाई समयमै रोकथाम गर्न पालिकाकै जनशक्ति जस्तै नगरप्रहरी लगायत पदाधिकारीले नियमित अनुगमन गरि यस्ता कार्यमा नियन्त्रण गरि राजस्व असुलीलाई प्रभावकारी वनाउनुपर्दछ ।

११ **दाखिला वाँकीः**

म्याग्दे गाँउपालिकाको आर्थिक ऐन,२०८० को दफा ८ मा स्थानीय उत्पादन विक्री शुल्क लगाईने राजस्व दाखिला गर्नुपर्ने व्यवस्था छ । म्याग्दे गाँउपालिका घुमाउने घाटको विना स्वीकृति दिपक वहादुर थापा ईण्टेल कन्स्ट्रक्सन एण्ड विल्डर्स प्रालिवाट अवैध उत्खनन तथा चोरि भएको नदिजन्य पदार्थको कूल जरिवाना रु ३०१५७८९।०० मध्ये यसवर्ष सम्म रु २३१५८००।०० दाखिला भएकोमा वांकी रु ६९९९९८।०० वाँकी देखिएकोले असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,९९,९९८ |

१२ **वाँडफाँटमा आधारित राजस्व( विभाज्य रकम)**

प्रदेश सरकारको आर्थिक ऐन, २०८१ को दफा ८(५) मा सम्बन्धित स्थानीय तहले ढुङ्गा, गिट्टी, बालुवा, माटो दहत्तर, बहत्तर शुल्क आम्दानीको ६० प्रतिशत स्थानीय सञ्चित कोषमा चालीस प्रतिशत रकम प्रदेश सञ्चितकोषमा दाखिला गर्नु पर्ने व्यवस्था रहेको छ। यस पालिकाले ढुङ्गा, गिट्टी, बालुवा, माटो दहत्तर बहत्तर वापत यस वर्ष रु २ करोड ४७ लाख २० हजार असुल गरेकोमा सो को ४० प्रतिशतले हुन आउने रु ९८ लाख ८८ हजार ३५४ प्रदेश सञ्चित कोषमा दाखिला नगरेकोमा प्रदेश कानुनको प्रावधान बमोजिम प्रदेश सञ्चित कोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु

| शीर्षक | यसवर्षआम्दानी | स्थानीयसंचितकोष६०प्रतिशत | प्रदेशसञ्चितकोष४०प्रतिशत |
|---|---|---|---|
| निकासी शुल्क कर्मचारीद्रारा | २४६०२४ | १४७६१४ | ९८४१० |
| निकाशी शुल्क( ठेक्का मार्फत ) | ७३८९९०० | ४४३३९४० | २९५५९६० |
| ढुंगा गिटी वालुवा( अमानत) | १५७५७७० | ९४५४६२ | ६३०३०८ |
| ढुंगा गिटी वालुवा( ठेक्का) | १००३००३३ | ६०१८०१८ | ४०१२०१३ |
| ढुंगा गिटी वालुवा( लिलामी) | ३३७४४८ | २०६४६८ | १३४९७९ |
| निजी जग्गा उत्खनन | ५१४१६९७ | ३०८५०१८ | २०५६६७९ |
| **जम्मा** | **२४७२०८८५** | १४८३२५३१ | ९८८८३४९ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९८,८८,३४९ |

१३ **ईट्टा व्यवसायको करः**

पालिकाको आर्थिक ऐन, २०८० को दफा ४ वमोजिम गाँउपालिकाका क्षेत्रभित्र सञ्चालनमा रहेका व्यापार,व्यवसाय, वा सेवामा व्यवासायको प्रकृति पूजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसुची(५) वमोजिम व्यवसायको कर लगाईने उल्लेख गरेको छ । यस गाँउपालिकाको कार्यक्षेत्रभित्र थुप्रै ईट्टा उद्योगहरु सञ्चालनमा रहेको देखिएको ।ती ईट्टा उद्योगहरु विगत लामो समयदेखि सञ्चालनमा रहेको तर पालिकामा दर्ता भई अनिवार्य रुपमा व्यवसाय कर दाखिला गर्नुपर्नेमा दर्ता भएको देखिएन । साथै यस क्षेत्रमा दर्जनौ चिम्नी उद्योगहरु समेत सञ्चालन भएको देखिएकोले तीनलाई समेत करको दायरामा ल्याउनुपर्ने देखियो । तसर्थ दर्ता भएका निम्नानुसारका उद्योगले राजस्व दाखिला समेत नभएको पाईएकोले नियमअनुसार करको दायरामा ल्याई विगत वर्षको समेत छानविन गरि कर दाखिला हुनुपर्ने रु

| ईट्टा उद्योगहरु | व्यवासाय कर ( विगत ५ वर्षको) | जम्मा कर |
|---|---|---|
| माछापुच्छ्रे ईट्टा उद्योग | ६०००० | ३०००००।०० |
| पोख्रली ईट्टा उद्योग | ३०००० | १५००००।०० |
| ए वि आई ईट्टा उद्योग | ३०००० | १५००००।०० |
| **जम्मा** | | **६०००००।००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,००,००० |

१४ **फोहरमैला शुल्कः**

पालिकाको आर्थिक ऐन, २०८० पेज नं १५३ मा फोहरमैला शुल्कको व्यवस्था गरेको छ । यस वर्षसम्म पालिकाले फोहरमैला व्यवस्थापनको लागि रु ३३ लाख १० हजारमा जग्गा खरिद गरी ठेक्का मार्फत वडा नं २ को वहपुरमा निर्माण गर्दा रु. १ करोड ६१ लाख खर्च गरेको छ । तर पालिकाले यस वजार एरियावाट उत्पादन हुने फोहरमैला व्यवस्थापन शुल्क वापत कुनै आम्दानी गर्न प्रक्षेपण गरेको छैन तर खर्च भने करोडौ गरेको छ । तसर्थ फोहरवाट आम्दानी गर्न यसशीर्षकवाट राजस्व असुल गर्नुपर्दछ ।

१५ **सफ्टवेयर/परामर्श खरिदः**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ३९ वमोजिम सेवा परामर्श विधिवाट गर्न सकिनेछ । बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| क्र स | योजनाको नाम | परामर्श दाताको नाम | रकम | विधि |
|---|---|---|---|---|
| १ | जेष्ठ नागरिक, अपाङ्गता र कर्मचरीहरुको **IDCARD print** गर्ने **software** खरिद गरिएको | सफ्टवेयर हब नेपाल प्रा.लि.(६०९७७६२३०) | ४,८९,००० | कोटेशन |
| | जम्मा | | ४,८९,००० | |

उपरोक्त विवरण अनुसार पालिकाले परामर्श सेवा कार्यमा लागत अनुमान तयार गरी सम्झौता अनुसार १ वटा सफ्टवेयरका लागी रु. ४ लाख ८९ हजार भुक्तानी गरेको छ । पालिकाले परार्मश सेवा खरिद गर्नुपर्दाको अवस्थामा प्रतिस्पर्धात्मक विधिको अवलम्बन गरी सार्वजनिक खर्चमा अधिकतम् मितव्ययीता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

१६ **कन्टिनजेन्सी खर्चः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा कन्टिन्जेन्सी कट्टा गर्नुपर्ने सम्वन्धि व्यवस्था रहको छ। पालिकाले यस वर्ष विभिन्न शिर्षकमा रु. ६१ लाख ६१ हजार कन्टिन्जेन्सी खर्च गरेको छ। खर्च लेख्दा अधिकांशमा खर्चको पुष्ट्याई बेगर केवल बिल भरपाईका आधारमा मात्रै खर्च लेखेकोले खर्चको उद्देश्य र यथार्थतामा यकिन भएन। खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर मात्रै कन्टिन्जेन्सी खर्च गर्नुपर्दछ ।

| **कन्टिन्जेन्सी रकमको विवरण** | **खर्च रकम** |
|---|---|
| दैनिक भ्रमण | ५,००,००० |
| कन्सल्टेन्टको पारिश्रमिक | १,००,००० |
| फिल्ड भत्ता | ५,००,००० |
| ल्याव टेष्ट | ३,००,००० |
| अन्य भत्ता | २,००,००० |
| योजना तथा कार्यक्रम | ३०,६१,००० |
| मसलन्द तथा सामाग्री खरिद | १५,००,००० |
| जम्मा | ६१,६१,००० |

१७ **स्यानिटरी प्याड :**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ८७६ जना रहेका छन। पालिकाले भौ.नं.१७३।२०८१-२-१६ बाट ८७८० थान स्यानिटरी प्याड रु.७६९९००।०० (मु अ कर समेत) मा खरिद गरेको छ। खरिद गरेको स्यानिटरी प्याड विधालयलाई वितरण गरिएको भएता पनि पालिकाद्धारा विद्यालयमा उक्त प्याडको व्यवस्थापन र वितरण सम्वन्धमा अनुगमन गरी वास्तविक रुपमा विधार्थिहरुबाट प्रयोग भएको सुनिश्चित गर्नुपर्दछ ।

१८ **पाठ्यपुस्तकः**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ अनुसार पालिकाले सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थी हरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान उपलव्ध गराएकोमा निम्न विधालय लाई पाठयपुस्तक वापत रु.३,४७२३९।– निकासा भएकोमा लेखापरीक्षण

अवधि सम्म पनि पाठ्यपुस्तक खरिद गरेको बिल र बिधार्थिलाई बुझाएको भरपाई पेश गरेको नपाईएकोले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

| विधालयको नाम | निकासा रकम |
|---|---|
| राधा माध्यमिक विधालय , जामूने | १,६६,५७८ |
| महेन्द्र माध्यमिक विधालय , गुणदी | १,८०,६६१ |
| जम्मा | ३४७२३९।०० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रु **३०,३९७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,४७,२३९ |

१९ **शिक्षक दरवन्दी र पदपूर्ति :**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विधालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको ब्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २५ सामुदायिक विधालयहरुको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था एवं विधार्थिको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| विधालयको किसिम | दरबन्दी संख्या | स्थायी पदपूर्ति | पदपूर्ति मध्ये राहत / करार | रिक्त दरबन्दी | बिधार्थि संख्या |
|---|---|---|---|---|---|
| सामुदायिक | १६७ | १३१ | ३६ | ० | ३३०९ |

उक्त विवरण अनुसार पालिकामा जम्मा १६७ दरबन्दी रहेकोमा १३१ जना स्थायी पदपूर्ती र ३६ राहत / करारमा नियुक्त गरी जम्मा १६७ पदपुर्ति गरेको देखिन्छ भने कुनै पनि दरबन्दीको पद रिक्त रहेको छैन । पालिकाले विधालय संख्याका आधारमा सृजना गरेका पदहरुमा स्थायी पदपूर्ति गरी सामुदायिक विधालयको शैक्षिक गुणस्तरमा सुधार गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२० **विद्यालयको अनुगमन नियमन व्यवस्था :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन । जसबाट विद्यालय अनुगमन कार्य शिक्षण शिकाइ कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्ने तर्फ ध्यान दिनुपर्दछ । साथै पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको नदेखिएकोले सो तर्फ पनि पालिकाले ध्यान दिनुपर्दछ ।

२१ **शिक्षक विधार्थि अनुपात :**

स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिको निर्णयले न्यून विद्यार्थी भएका विद्यालयलाई अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्नसक्ने उल्लेख छ। निर्देशिकाको बुँदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागी विद्यालयको तथ्याङ्क संकलगन गरी सम्भाव्यता

अध्ययन गर्नुपर्ने व्यवस्था छ। यस पालिका अन्तर्गत रहेका २५ सामुदायिक विद्यालयमध्ये प्राप्त विवरण अनुसार देहायका विद्यालयको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको देखिन्छ ।

| क्र. सं | विधालयको नाम | शिक्षक संख्या | विधार्थि संख्या | शिक्षक विधार्थि अनुपात |
|---|---|---|---|---|
| १ | मिन माध्यमिक विधालय | २५ | ८०५ | १:३२.२ |
| २ | रविचन्द्र आधारभूत विधालय | ४ | ६९ | १:१७ |
| ३ | गणेश माध्यमिक विधालय | ११ | ७४ | १:०६.७ |
| ४ | जनप्रकाश आधारभूत विधालय | २ | २५ | १:१२.५ |
| ५ | प्रभा आधारभूत विधालय | ६ | ४३ | १:०७.१ |
| ६ | रत्न माध्यमिक विधालय | ९ | ८५ | १:०९.४ |
| ७ | सरस्वती आधारभूत विधालय | ३ | २४ | १:०८ |
| ८ | विजय आधारभूत विधालय | ७ | ६५ | १:०९.२ |
| ९ | राधा माध्यमिक विधालय | २५ | ९०२ | १:३६.८ |
| १० | महेन्द्र माध्यमिक विधालय | १६ | ३१७ | १:१९.८ |
| ११ | स्थानिदेवी आधारभूत विधालय | १ | ११ | १:११ |
| १२ | जनजौकुमारी आधारभूत विधालय | ३ | २६ | १:८.६ |
| १३ | कुलज्योती आधारभूत विधालय | ३ | ३८ | १:१२.६ |
| १४ | पञ्चकन्या आधारभूत विधालय | २ | २३ | १:११.५ |
| १५ | पसले आधारभूत विधालय | ८ | १४३ | १:१७.८ |
| १६ | शान्ती आधारभूत विधालय | १ | २० | १:२० |
| १७ | जनशक्तिआधारभूत विधालय | ४ | ६९ | १:१७.५ |
| १८ | अकला आधारभूत विधालय | ७ | ६९ | १:९.८ |
| १९ | जनता आधारभूत विधालय | २ | ३४ | १:१७ |
| २० | वेदकालिका आधारभूत विधालय | १ | १६ | १:१६ |
| २१ | मिलिजुली आधारभूत विधालय | १ | १४ | १:१४ |
| २२ | स्वास्थ्य आधारभूत विधालय | २ | १२ | १:०६ |
| २३ | हिरामणि आधारभूत विधालय | ३ | ५३ | १:१३.२ |
| २४ | जनगणपति माध्यमिक विधालय | १६ | २९८ | १:१८.६ |
| २५ | पार्वती आधारभूत विधालय | ५ | ७४ | १:१४.८ |
|  | जम्मा | १६७ | ३३०९ |  |

यस पालिकामा रहेका विधालय मध्ये उल्लेखित विधालयमा शिक्षक विधार्थि अनुपात १:६ देखि १:३६.८ सम्म रहेको प्राप्त विवरण बाट देखिन्छ । सो अनुसार कतिपय विधालयमा शिक्षक दरवन्दी न्यून अवस्थामा रहेको र कतिपयमा न्यून विधार्थि संख्या रहेका कारण प्रति

बिधार्थी लागत बढ्न गएको अबस्था देखिन्छ । अत: भौगोलिक दुरी टाढा भएमा बाल विकाश केन्द्र स्थापना गरी न्यून विधार्थि संख्या भएको विधालय समायोजन एवं शिक्षक दरवन्दी मिलान गरी पठन पाठन ब्यबस्थित गर्नुपर्दछ ।

## २२ स्वास्थ्य तर्फ दरवन्दी र पदपुर्तिः

स्वास्थ्य ऐन, २०५३ अनुसार पालिकामा आर्थिक वर्ष २०८०।८१ मा संचालनमा रहेका स्वास्थ्य संस्थाको दरबन्दी पदपूर्ती र सेवा प्रवाहको अवस्था देहाए बमोजिम रहेको छ ।

| स्वास्थ्य संस्थाको किसिम | स्वास्थ्य संस्थाको संख्या | दरबन्दी | पदपूर्ती | सेवाग्राहीको संख्या | औषधी वितरण रु. |
|---|---|---|---|---|---|
| स्वास्थ्य केन्द्र/चौकी आधारभुत स्वास्थ्य सेवा केन्द्र, सामुदायिक स्वास्थ्य ईकाई र आयुर्वेद | ११ | ३४ | ३१ पदपुर्ति जसमध्ये १७ जना करार | १४८८६ | १४,९९,३११ |

उक्त विवरण अनुसार पालिकामा रहेका कुल ११ स्वास्थ्य केन्द्र/चौकी आधारभुत स्वास्थ्य सेवा केन्द्र, सामुदायिक स्वास्थ्य ईकाई र आयुर्वेदमा कुल ३४ दरबन्दी रहेकोमा हाल १४ पद स्थायी र १७ पद करार मार्फत पुर्ती गरेको देखिएकोमा दरवन्दी अनुसार पदपुर्ति गर्नु पर्दछ ।

## २३ कृषि तथा पशुमा अनुदानः

प्रदेश तथा स्थानीय तहमा सशर्त वितिय हस्तान्तरित कृषि विकास संचालन कार्यविधि, २०८० अनुसार पालिकाबाट यस वर्ष कृषि तथा पशु क्षेत्रमा देहाय बमोजिमको अनुदान वितरण गरेको छ ।

| क्र. स. | अनुदानको क्षेत्र | कार्यक्रम संख्या | अनुदान रकम |
|---|---|---|---|
| १ | कृषि तर्फ | ८ | ३६,५०,००० |
| २ | पशु तर्फ | ६ | ६३,८०,००० |
| | जम्मा | १४ | १,००,३०,००० |

पालिकाले सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनुपर्दछ। केहि अनुदानका कार्यक्रमहरुमा अनुगमन गरेको नपाईएकोले सबै अनुदान कार्यक्रम समेटिने गरी प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको सम्वन्धमा प्रतिवेदन वनाउनुपर्दछ साथै पालिकाले कृषि तथा पशु क्षेत्रमा वितरण गरेको अनुदान प्राप्त गर्नेको विवरण सार्वजनिक गर्नुपर्दछ ।

## २४ गरिवसंग विश्वेश्वर कार्यक्रमः

गरिवसंग विश्वेश्वर कार्यक्रम कार्यान्वयन निर्देशिका, (तेस्रो संसोधन) २०६६ अनुसार यस पालिकामा संचालन भएको गरिवसंग विश्वेश्वर कार्यक्रममा रहेको कुल वजेट रु. ४,१५,०००।०० मध्ये रु. ४,१५,०००।०० नै खर्च भएको छ। उक्त खर्च मध्ये सामाजिक परिचालकको पारिश्रमिकमा मात्र रु. १,९५,०००।०० अर्थात ४६.९८ प्रतिशत खर्च भएको देखिन्छ। वांकी रकम मध्येबाट पोषाकमा रु. १०,०००।००, स्टेशनरीमा रु. १०,००० र रु. २,००,०००।०० को पशुपालन तर्फ अनुदान वितरण गरिएको छ। वितरण गरिसकेपछि त्यसको अवस्था र उपलव्धि वारे सम्वन्धितवाट अनुगमन गरि प्रतिवेदन पेश नभएकोले उक्त कार्यक्रम लक्ष्यउन्मुख भएको एकीन हुन सकिएन। कार्यक्रमको आवश्यकता र औचित्यमाथी छलफल गरी अधि बढ्नुपर्ने देखिन्छ ।

## २५ सुरक्षीत आप्रवासन (सामी) कार्यक्रमः

सुरक्षीत आप्रवासन कार्यक्रम मार्गदर्शन, २०७९ अनुसार यस पालिकामा संचालन भएको सुरक्षीत आप्रवासन कार्यक्रममा रहेको कुल वजेट रु. २३,००,०००।०० मध्ये रु. २२,१३,३०८।०० खर्च भएको छ। उक्त खर्च मध्ये कर्मचारीको तलव मात्र रु. १५,८४,०००।०० अर्थात ७१.५६ प्रतिशत खर्च भएको देखिन्छ। वांकी रकम मध्येबाट रु. ५,८६,००० को वित्तिय साक्षरता ताथ मनोसामाजिक

परामर्श कक्षा संचालन गरिएको तथा अन्य रकम अनुगमन तथा मुल्याङ्कन र शाखा संचालनमा खर्च भएको देखिन्छ। ७१.५६ प्रतिशत रकम पारश्रमिकमा मात्र खर्च भएको देखिएकोले मार्गदर्शनमा उल्लेखित कार्यक्रममा खर्च वढाउने तर्फ पालिकाले जोड दिनुपर्दछ ।

२६ **सभाहल निर्माणः**

MNC/loyal/jv २०७७.७८ रु. २ करोड ९८ लाख ७२ हजार ६७१ को लागतमा MNC/loyal/jv संग मिति २०७७।१२।२६ मा सम्झौता भई ४ पटक म्याद थप गरी २०८१ आषाढमा सम्पन्न भएको छ ।

२६.१ (४५७-२०८१-३-२४):

यस सभाहल भवन लगायत पेरीफेरीको कूल क्षेत्रफल १-१२- ०-० रहेकोमा पालिकाको नाममा ०- ८- ०-० पास भई आएको श्रेष्तावाट देखिन्छ । वाँकी १-४-०० क्षेत्रफल सार्वजनिक जग्गा भएको पालिकाको भनाई रहेको छ । सम्पूर्ण जग्गाको सुनिश्चितता नगरी ठेक्का व्यवस्थापन भएको छ । तसर्थ पालिकाले अगटेको सम्पूर्ण जग्गाको स्वामित्व पालिकाको नाममा ल्याउनुपर्दछ ।

२६.२ (४५७-२०८१-३-२४):

निर्माण स्थल सार्वजनिक जग्गामा निर्माण भएको पालिकाले जानकारी दिएकोमा निर्माण पूर्व नेपाल सरकारको सहमति लिई कार्य नगरेकोले पालिकाको स्वामित्वमा उक्त जग्गा प्राप्त भएको देखिएन ।भोगाधिकारको लागि संघीय निकायसंग सहमति लिनुपर्दछ ।

२७ **ठेक्का बन्दोवस्तः**

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७९ को नियम १५(७)मा खरिद पूर्वतयारीदेखि बोलपत्र आव्हानसम्मका खरिद व्यवस्थापन सम्वन्धी कार्य प्रथम त्रैमासिक अवधिभित्र सम्पन्न गर्ने गरी बजेट प्रस्ताव गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकाबाट भएको खरिद व्यवस्थापन सम्बन्धि संक्षिप्त विवरण देहाय अनुसार रहेको छः

( रु हजारमा)

| कार्यक्रम/ शीर्षक | खरिद सम्झौता | | | | | | | | यस बर्ष सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल जम्मा | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | | |
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| **बोलपत्रबाट** | ३ | २३७८२ | ० | ० | १ | ८०३८ | २ | १५७४४ | १ | ७७८४ |
| **जम्मा** | | २३७८२ | | | | ८०३८ | | १५७४४ | | ७७८४ |

उल्लेखित विवरण अनुसार यो वर्ष पालिकाले विभिन्न कार्यको लागी रू. २ करोड ३७ लाख ८२ हजार लागतको ३ ठेक्का वन्दोवस्त गरेकोमा प्रथम चौमासिकमा ठेक्का व्यवस्थापन भएन, दोश्रो चौमासिकमा रू. ८० लाख ३८ हजारको १ वटा टेक्का र तेश्रो चौमासिकमा रू. १ करोड ५७ लाख ४४ हजारको २ ठेक्का व्यवस्थापन भएको देखिन्छ । यो वर्ष भएको ठेक्का व्यवस्थापन मध्ये वर्षान्त सम्ममा रू. ७७ लाख ८४ हजार बराबरको १ ठेक्का मात्र सम्पन्न भएको अवस्था छ । यसरी अन्तिम चौमासिक वा वर्षान्तमा कार्यक्रम सञ्चालन गर्दा आउन सक्ने नकारात्मक स्थिति तर्फ ध्यान दिनुपर्दछ ।

२८ **निर्माण कार्य व्यवस्थापनः**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ वमोजिम सार्वजनिक निर्माण कार्य गर्दा प्रतिष्पर्धा सीमित हुने गरि पालिकाले आर्थिक वर्ष २०८०।८१ मा ठेक्का र उपभोक्ता समिति मार्फत सम्पन्न गरेको कार्यको विवरण देहाए बमोजिम रहेको छ ।

( रु हजारमा)

| योजना संख्या | ठेक्का मार्फत | | उपभोक्ता समिति मार्फत | |
|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम |
| | ३ | २३७८२ | ३६८ | ९८२३२ |

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल ३७१ योजनामा मध्ये ठेक्का मार्फत ३ वटा योजनामा रु. २ करोड ३७ लाख ८२ हजार खर्च गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित ३६८ योजनामा रु ९ करोड ८२ लाख ३२ हजार खर्च गरेको छ । अर्थात ३७१ योजनामा भएको खर्च मध्ये २० प्रतिशत रकम ठेक्का प्रक्रिया र ८० प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ । पालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपन उपभोक्ता समितिको क्षमता निर्माण कार्यको प्रकृति लगायतका कुराहरुको समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ ।

२९ **शीतभण्डार निर्माणः ठेक्का नं १९।७९।८०**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्देद १३ दफा ९७ वमोजिम स्थानीय तहले सार्वजनिक तथा सामूदायीक सम्पति वेचविखन तथा हक हस्तान्तरण गर्न पाईदैन । त्यस्तै भूमिसम्वन्धी ऐन,२०२१ ले पनि सार्वजनिक जग्गा( जस्तै खोलाकिनार, नदी किनार, वनक्षेत्र, सार्वजनिक पार्क, पर्ती जग्गा) आदिमा संरचना निर्माण गर्दा नेपाल सरकारको अनुमति लिनुपर्ने उल्लेख गरेको छ

यस पालिकाले वडा नं ३ स्थित रु.१ करोड ४७ लाख ४ हजारको लागतमा शित भण्डार निर्माण गर्ने उदेश्यले पासा पासा कन्स्ट्रक्सनवीच २०७९।११।०९संग निर्माण सम्झौता गरेको देखियो । उक्त शितभण्डार निर्माण स्थल सार्वजनिक जग्गामा निर्माण भएको तर निर्माण पूर्व नेपाल सरकारको सहमति लिई कार्य नगरेकोले पालिकाको स्वामित्वमा उक्त जग्गा प्राप्त भएको देखिएन । यस सम्वन्धमा पालिकामा सोधपुछ गर्दा सार्वजनिक जग्गामा निर्माण भएको जनाएको तर कुनै आधिकारीक प्रमाण पेश गरेको देखिएन। अत: जग्गा शुनिश्चित नभई वा जग्गाधनी पूर्जा वेगर पर्ति जग्गामा भवन निर्माण भएको नियम संगत देखिएन। पालिकाले जग्गा प्राप्ती गरी निर्माण भएको भवन आफ्नो नाममा कायम गर्नुपर्ने देखिन्छ ।

३० **ठेक्का व्यवस्थापनतर्फः**

प्रशासकिय भवन निर्माणः NCB/10/77.78 कूल रु ४ करोड ९२ लाख १३ हजार को लागतमा एम. एस. वल्डवाईड सुसन जेभी संग सम्झौता २०७७।११।१२ मा २ वर्षमा सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएको फाईल परीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन

३०.१ (३०५-२०८१-२-१९):

यस प्रशासकिय भवन लगायत पेरीफेरीको कूल क्षेत्रफल ३-१३- ०-० रहेकोमा पालिकाको नाममा १- १- ३-३ पास भई आएको श्रेष्तावाट देखिन्छ । वाँकी १-११- ०-१ क्षेत्रफल सार्वजनिक जग्गा भएको पालिकाको भनाई रहेको छ । सम्पूर्ण जग्गाको सुनिश्चितता नगरी ठेक्का व्यवस्थापन भएको छ । तसर्थ पालिकाले अगटेको सम्पूर्ण जग्गाको स्वामित्व पालिकाको नाममा ल्याउनुपर्दछ ।

३०.२ (३०५-२०८१-२-१९):

नन्फाईलरः मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४(१) तथा नियमावली २०५३ को नियम १७ (१) अनुसार मु.अ.करमा दर्ता भएको प्रत्येक फर्म संस्था तथा निर्माण व्यवसायीले तोकिएको ढाँचामा कर विजक जारी गर्नुपर्ने र करविवरण पेश गर्नुपर्ने व्यवस्था छ । यस वर्ष पालिकाले निर्माण व्यवसायीलाई रु ७६७८९८४।०० भुक्तानी भएकोमा निज व्यसायी २०८० मंशिरदेखि हालसम्म अ कर रकम ननफाईलर भएको देखिएको हुंदा रु ९९८२६७। नियमानुसार मुल्य अभिबृद्धि कर खातामा समायोजन गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा उक्त रकममा लाग्ने शुल्क र जरीवाना सहित निज निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,९८,२६७ |

३१ **१० शैया आधारभूत अस्पताल भवन निर्माण ः**

**भवन निर्माण २२।२०७७।७८** कूल ७ करोड ३४ लाख ५० हजारको लागतमा ऋषि शक्ति होम निर्माण जे.भी संग मिति २०७८।०२। १० मा २४ महिनामा सम्पन्न हुनेगरी सम्झौता भएको छ ।

३१.१ (२-२०८०-६-२४):

म्याद थपः सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ मा सम्झौताको म्याद थप गर्न सकिने व्यवस्था छ । पटक पटक गरी ३ पटक म्याद थप भैसकेको यस योजना पछिल्लो पटक २०८१ कार्तिकमा सकिएको तर त्यसयताको म्याद थप नभएको हुंदा म्याद थप प्रकृया अगाढी वढाई निर्माण कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ ।

३१.२ (२-२०८०-६-२४):

निर्माण स्थल सार्वजनिक जग्गामा निर्माण भएको पालिकाले जानकारी दिएकोमा निर्माण पूर्व नेपाल सरकारको सहमति लिई कार्य नगरेकोले पालिकाको स्वामित्वमा उक्त जग्गा प्राप्त भएको देखिएन ।भोगाधिकारको लागि संघीय निकायसंग सहमति लिनुपर्दछ ।

३२ **विविध खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विविध खर्च शीर्षकबाट खाना खाजा समेतमा रु. २४ लाख ८५ हजार खर्च गरेको छ । खर्च लेख्दा अधिकांशमा खर्चको पुष्ट्याई बेगर केवल बिल भरपाई तथा माईन्युटको आधारमा मात्रै खाजाखाना बापतको खर्च लेखेको छ। खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर मात्रै विविध खर्च गर्नुपर्दछ ।

| **विविध खर्चको विवरण** | **खर्च रकम** |
|---|---|
| अतिथि सत्कार | १०,००,००० |
| चिया, खाजा तथा खाना | १०,००,००० |
| मसलन्द | १०,००,००० |
| विविध कार्यक्रम खर्च | ३८५००० |
| जम्मा | २४,८५,००० |

३३ **आन्तरिक लेखापरीक्षणः**

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले आ व २०८०।८१ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। पालिकाले चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई कानुनको पालना गर्नुपर्दछ ।

३४ **भ्रमण अवधिमा खाना खाजाको विलको भुक्तानी :**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था उल्लेख छ । भौ नं ८९५ मिति २०८१।३।१० बाट सुचना प्रविधि अधिकृत आकाश गुरुङले अध्यक्ष ज्यूको कामकाजको सिलसिलामा मिति २०८१।२।२० र २१ मा काठमाडौँ, तनहुँ तथा ललितपुरका विभिन्न होटलको विल बाट खाजा तथा खाना को खर्च भुक्तानी गरेकोमा भ्रमण को सिलसिलामा भ्रमण खर्च भुक्तानी भएकोमा खाजा खानाको विलको बमोजिमको रकम सुचना अधिकृतलाई सोधभर्ना गरेको पाइएकोले भ्रमण भत्ता भुक्तानी भएको बेलाको होटल विलबाट खर्च गर्नुको स्पष्ट आधार तथा प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १८,१२० |

३५ **PAMS दाखिला नगरेको :**

आर्थिक कार्यविधि तथ वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५ मा सम्पत्ति तथा जिन्सी मालसामनको लगत तयार गर्नुपर्ने र यसरी लगत तयार गर्दा जिन्सी मालसामानको विवरण र मूल्य खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावद्यिक गर्नुपर्ने व्यवस्था छ ।सोही नियमावलीको नियम ९६ बमोजिम मूल्य नाखुलेका सम्पत्ति तथा जीन्सीका मूल्य कायम गरी अद्यावद्यिक गर्नुपर्ने उल्लेख छ । त्यस्तै नियम ९९ अनुसार सरकारी सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्बन्धमा वर्षमा कम्तिमा एक पटक कार्यालय प्रमुखले आफै वा समिति गठन गरी जिन्सी निरीक्षण गरी जिन्सी निरिक्षण प्रतिबेदन तयार गर्नुपर्ने

उल्लेख छ ।सरकारी जिन्सी सामाग्रीको अनिवार्यरुपमा PAMS मा खर्च भएर जाने र नजाने सामाग्रीहरु स्पष्ट छुट्याएर मूल्य खुलाई दाखिला गर्नुपर्दछ ।पालिकाले निन्म सामाग्रीहरुको जिन्सी दाखिला नगरेकोले सो दाखिला गरी प्रमाण पेश गर्नुपर्दछ ।

| भौ नं | मिति | सामाग्री | रकम |
|---|---|---|---|
| ९७८ | २०८१।३।१४ | **Dell Laptop i5 12th gen** | ७०००० |
| २५७ | २०८१।३।१८ | प्रयोगशालाका सामाग्रीहरु | ० |
| २५७ | २०८१।३।१८ | **Microscope** | १४६९९९ |
| २५७ | २०८१।३।१८ | **Iceland Refrigerator** | १५६४९९ |
| २५७ | २०८१।३।१८ | **Hot air Oven** | ३७९९९ |
| २५७ | २०८१।३।१८ | **Incubator** | ३६९९९ |
| १०१२ | २०८१।३।१७ | **Dell 3520 i5 12th gen 8Gb Ram 15.6 screen** | ७०००० |
| १०१६ | २०८१।३।१७ | **Wheel Chair** २० थान | ३००००० |
| १०१६ | २०८१।३।१७ | **Hydraulic Bed** | २७६८५ |
| १०१६ | २०८१।३।१७ | **Toilet chair** ३ थान | १२००० |
| १०४७ | २०८१।३।१८ | **Hospital Plain bed** २ थान | ३०३७४४ |
| १०४७ | २०८१।३।१८ | **Mattress** २ थान | १२४३० |
| १०४७ | २०८१।३।१८ | **Revolving Stool 2 pc** | ७२३२ |
| | | जम्मा | ११८१५८७ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,८१,५८७ |

३६ **प्रधानमन्त्री रोजगार कार्यक्रम :**

प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशका, २०७५ अनुसार स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवन यापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत स्थानीय तह भित्रका वडाहरुमा नगर सरसफाई, नाली खन्ने, पहिरो सफा गर्ने, ग्याविन जाली भर्ने तथा बाटो निर्माण काम लगायतका ३७ निर्माणका कार्यक्रम सञ्चालन गरी यस वर्ष ५९ जनालाई रोजगारी उपलव्ध गराई कुल ज्याला रु. ३९ लाख ४१ हजार २०० सय खर्च गरेको छ। लक्षित वर्गलाई औषत १०० दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन्। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएता पनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिदैन ।

३७ **विविध तालिम कार्यक्रम :**

सार्वजनिक खरिद ऐन ,२०६३ दफा ४ मा सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि त्यस सम्बन्धि स्पेशिफिकेशन, विशेष आवश्यकता वा अन्य विवरणहरु तयार गर्नपर्ने उल्लेख छ । साथै सोही ऐनको दफा ५ मा सार्वजनिक निकायले कुनैपनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने र निर्माण कार्यको हकमा बाहेक रु एक लाख भन्दा बढीको खरिद कार्यमा अनिवार्य रुपमा लागत अनुमान तयार गर्नुपर्ने र उपदफा ५(क) अनुसार उक्त लागत अनुमान तोकिएको पदाधिकारीबाट स्वीकृत गराएर मात्र खरिद कार्य गर्नुपर्ने उल्लेख छ । निम्नानुसारको भौचर र मितिमा भएको खर्चमा लागत अनुमात तयार नगरेको तथा सो खर्च गर्नुअघि खर्चको क्रियाकलापगत बर्गीकरण,के के काम गर्ने हो सो को स्पष्ट कार्यसुची र कार्यविवरण तथा सम्बन्धित संस्थाले कार्ययोजना तयार गरी पालिकामा पेश गर्नुपर्नेमा सो नगरी खर्च लेखेको छ । पालिकाले मकैको खोस्टाबाट विभिन्न सामाग्री बनाउने तालिम सञ्चालन

गरी रु ४२६००० खर्च लेखेकोमा कच्चा सामाग्री रु ७०००० पालिकाबाट भुक्तानी भएको छ। उक्त सामाग्री कच्चा पदार्थ मकैको खोस्टा प्रति केजी ३५० दरले खरिद गरी खर्च लेखेको छ । समुदायलाई नै उपयोगी हुने तथा सबै सहभागी गाँउबाट नै रहेको हुँदा मकैको खोस्टा सहभागीकै घर गाउँबाट सचिलै उपलब्ध हुने देखिन्छ ।तर उक्त संस्थाले मकैको खोस्टा प्रति केजी रु ३५० उच्च मूल्य राखी खरिद गरेको र सो मा उपभोक्ता को लागत साझेदारी पनि नगरेको पाइयो ।पालिकाले कार्यक्रम सञ्चालन गर्दा कच्चा सामाग्रीको उपलब्धता तथा लागत साझेदारीलाई पनि विचार गरी कार्यक्रम तय गर्नुपर्दछ ।उक्त तालिम पश्चचात सहभागीहरुले सो सिपबाट के कस्तो आयआर्जन गरेको छन सो को अनुगमन प्रतिबेदन पेश गरेको छैन ।त्यस्तै बन्दिपुर कन्सल्टेन्सी प्रा लि सँगको सम्झौता अनुसार उक्त परिक्षण प्रतिबेदन पेश नगरेकोले सो पेश गर्नुपर्दछ । रिस्ती मादी रिसर्च एण्ड कन्सल्टेन्सी प्रा लि सँगको सम्झौता अनुसार आवधिक योजनाको लागि आवश्यक तथ्यांक संकलन गर्न भनी कार्य गरेकोमा आवधिक योजना तयार गर्न आवश्यक तथ्यांक पालिकाबाट नै सेकेन्डरी डाटा उलब्ध हुने देखिन्छ । कतिपय पालिकाकै कार्यक्रम अनुसार समेत विवरण तयार भै सकेको हुन्छ र सो विवरण आधिकारीक पनि हुने हुँदा तथ्यांक संकलन कार्य वाह्य परामर्शबाट गर्न उचित देखिँदैन । अत: निम्नानुसारको खर्च अनियमित देखिएको रु

| भौ नं | मिति | संस्था | प्रयोजन | भुक्तानी रकम रु |
|---|---|---|---|---|
| ९०५ | २०८१।३।११ | स्पीड सोलुसन नेपाल प्रा लि | सामाजिक समावेशी परीक्षण प्रतिबेदन GESI | २९९४५० |
| ९२० | २०८१।३।१३ | ओम राजश्री मल्टी एग्रो प्रा लि | लक्षीत वर्ग सिप मूलक तालिम सञ्चालन गर्न मकैको खोस्टाबाट विभिन्न सामाग्री बनाउने तालिम | ४२६००० |
| ४१५ | २०८०।१०।२९ | बन्दिपुर कन्सल्टेन्सी प्रा लि | सेती नदी र म्याग्दे खोलाको बहाव क्षेत्रहरुबाट नदीजन्य पदार्थको उत्खनन् तथा संकलन कार्यलाई व्यवस्थित गर्दै वातावरण मैत्री ढङ्गबाट कार्य गर्नका लागि प्रारम्भिक वातावरणीय प्रतिबेदन तयार गर्ने | ४९६६३५ |
| ४३४ | २०८०।११।०१ | रिस्ती मादी रिसर्च एण्ड कन्सल्टेन्सी प्रा लि | आवधिक योजनाको लागि आश्यक तथ्यांक संकलन कार्य | २९०००० |
| | | जम्मा | | १५१२०८५ |

| | |
|---|---|
| अनियमित भएको | १५,१२,०८५ |

३८ **निर्देशिका बेगरको कार्यक्रम :**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था उल्लेख छ । पालिकाले भौ नं ४०२ मिति २०८१।१०।२८ मा रु २०४००० खर्च गरी त्रिपाठी भेटेरेनरी सेन्टर बाट ३००० केजी जै घाँसको विउ खरिद गरेको छ । उक्त विउ ७ वटै वडाका कृषकहरुलाई मागको आधारमा भुक्तानी गर्ने गरी निर्णय भएको छ ।पशुसेवा शाखाबाट तयार गरेको लागत अनुमान अनुसार ७६३ रोपनी क्षेत्रफलका लागि प्रति रोपनी ३ के जी दरले लगाउने गरी निर्णय भएको पाइएको छ । जस अनुसार जम्मा २२८९ केजी खरिद गर्नुपर्ने देखिन्छ । तर पालिकाले ३००० के जी खरिद गरेको पाइएको छ। जसअनुसार ७११ केजी घाँसको विउ बढी खरिद गरी उक्त सहकारी संस्थाहरुलाई वितरण गरेको पाइएको छ ।यसरी स्पष्ट निर्देशिका बेगर मागका आधारमा खरिद गर्दा संस्थाहरुको माग गरेको र सो अनुसारको सम्झौता गरी सो परिमाण भुक्तानी गर्नु उचित देखिन्छ ।यसरी स्पष्ट मापण्ड बेगर खरिद कार्य गरेको अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | २,०४,००० |

३९ **कर भुक्तानी प्रणाली सफ्टवेयर :**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था उल्लेख छ ।पालिकाले भौ नं १५१ मिति २०८०।६।३० बाट सप्टेक इन्फोसिस प्रा लि लाई रु १४६९०० भुक्तानी गरेको छ । उक्त संस्थासँग २०७८।६।१३ मा एकिकृत कर संकलन प्रणाली तथा अनलाईन कर भुक्तानी प्रणाली सफ्टवेयर कार्यको लागि सम्झौता भएको छ । सम्झौतामा उल्लेख भए अनुसार सम्झौताको पहिलो वर्ष उक्त प्रणालीका अपटेडेट भर्सन तथा मेन्टेनेन्स वापत निशुल्क उपलब्ध गराउनुपर्ने र दोस्रो वर्षबाट वार्षिक रु ६०००० कर बाहेक उपलब्ध गराउनुपर्ने उल्लेख छ ।प्रथम पक्षले पालिकालाई सफ्टवेयरमा आउने Updated Version तथा समस्याको निशुल्क समाधान गर्नुपर्ने सम्झौतामा उल्लेख छ ।तर उल्लेखित भौचरबाट उक्त संस्थालाई पालिकाले रु १४६९०० रकम भुक्तानी गरेकोमा प्रयोजन तथा ठोस कारण खुलेको छैन । वार्षिक रु ६०००० को सम्झौता भएकोमा सो भन्दा बढी भुक्तानी गरेकोमा सो के वापतको भुक्तानी गरेको सो को प्रमाण पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४६,९०० |

४० **भुक्तानीको प्रमाण :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **४५,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४१ **म्याग्दे गा पाका उपाध्यक्षसँग एकल तथा विदुर पुरुष र अपाङ्ग संरक्षण कार्यक्रम:**

म्याग्दे गा पाका उपाध्यक्षसँग एकल तथा विदुर पुरुष र अपाङ्ग संरक्षण कार्य सञ्चालन गरी भौ नं १०६९ मिति २०८१।३।१९ मा रु ७५०००० खर्च लेखेको छ ।म्याग्दे गा पा को उपाध्यक्षसँग एकल तथा विदुर पुरुष र अपाङ्ग संरक्षण कार्य सञ्चालन कार्यविधि २०७८ को बुँदा नं ४ मा व्यवस्था भए अनुसार पालिकाभित्रै बसोबास गर्ने ४५ वर्ष पुरा भई ७० वर्ष ननाघेका लक्षित एकल तथा विदुर पुरुष र ६० वर्ष ननाघेका लक्षित महिला पुरुष अपाङ्गलाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने व्यवस्था गरी मासिक अधिक्तम ५०० दरले बैंक खातामा रकम निकासा दिने तर अवधि गणना गर्दा उमेरहद पुगेका र ननाघेको दुवै आधारमा गणना गरिने उल्लेख छ । त्यस्तै निकासा तथा लाभको विवरण सहित शाखाले प्रगति सहित प्रतिबेदन तयार गर्ने, लाभग्राहीको अभिलेख व्यवस्थापन गर्ने र प्रत्येक वर्ष अद्यावद्यिक गर्ने त्यस्तै बुँदा नं ६ मा लक्षीत वर्गलाई कार्यक्रममा सहभागी गराउने गरी कार्यालयले ७ दिने सुचना प्रकाशन गरि निवेदन संकलन गर्ने, राज्यबाट दोहोरो सुविधा लिए नलिएको यकिन गर्ने र स्विकृत नामावली प्रकाशन गर्ने लगायत कार्य गर्नुपर्ने उल्लेख छ । पालिकाले सो उल्लेखित व्यवस्था अनुसार वार्षिक लगत अद्यावद्यिक गर्ने, सुचना प्रकाशन गर्ने तथा सार्वजनिकिकरण गर्ने तथा प्रतिबेदन तयार गर्ने कार्य गरेको छैन । पालिकामा लेखापरीक्षणको क्रममा श्रेष्ता परिक्षण गर्दा प्रत्येक वर्ष सो कार्यक्रम सञ्चालन गर्ने कर्मचारी एउटै नरहने र अघिल्लो आर्थिक वर्षमा गरेको कार्यक्रमको अर्को आर्थिक वर्षमा सञ्चालन गर्ने कर्मचारीलाई लगत तथा विवरण प्राप्त नहुने, प्रतिबेदन प्राप्त नहुने लगायत कुनै जानकारी नहुने देखिएको छ ।अत: पालिकाले कार्यविधि तयार गर्ने तर सो को पूर्ण रुपमा पालना नगरी कार्यक्रम सञ्चालन गर्दा कार्यक्रमको उदेश्य पुरा नभएको तथा प्रभावकारीता नभएको पाइएकोले अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ७,५०,००० |

४२ **दररेट निर्धारण समितिको बैठक भत्ता भुक्तानी :**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था उल्लेख छ । भौ नं ४८ मिति २०८०।६।२४ बाट २०८०।८१ को दररेट निर्धारण गर्न विभिन्न मितिमा ५ पटक बैठक बसी बैठक भत्ता रु ६९००० खर्च लेखेकोमा सो दररेट निर्धारण समितिको माइन्यूटबाट कुनै विशेष दर रेट पालिकाले तोकेको तथा सो सम्बन्धि कार्य गरेको देखिँदैन र अन्त्यमा जिल्ला दररेटलाई नै स्विकृत गरेकोबाट यस किसिमको अनुत्पादक खर्च नियमित मान्न नसकिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६९,००० |

४३ **सुत्केरी सट्टा शिक्षक :**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था उल्लेख छ । भौ नं २३० मिति २०८०।८।१२ बाट मिन मा वि शिक्षण सहयोग अनुदान शीर्षकबाट बाल विकास तर्फ कार्यपालिकाको निर्णयबाट सुत्केरी विदामा रहदाँ अर्को शिक्षकलाई थप अनुदान दिइ शिक्षक को खर्च लेखेकोमा सुत्केरी विदामा रहेको अवधि तथा थप कक्षाको विवरण र हाजिरी लगायत कागजात नरहेकोले सोको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६०,००० |

४४ **प्रहरीलाई प्रोत्साहन भत्ता :**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था उल्लेख छ ।यस पालिकाले भुक्तानी गरेकोमा प्रहरीले प्रोत्साहन प्राप्त गर्नेगरेको पाइएको छ । पालिकाले यसरी प्रोत्साहन दिनसक्ने आधार पेश गरेको छैन तथा सम्झौता तथा प्रहरीले पालिकाबाट प्रोत्साहन प्राप्त गर्न सक्ने कानुनी व्यवस्था कतै नरहेको तथा व्यक्तिगत खातामा संस्थालाई प्रदान गर्ने प्रोत्साहन रकम भुक्तानी गर्न सकिने कानुनी आधार अनियमित देखिएको रु

| भौ नं मिति | प्रहरी | रकम |
|---|---|---|
| १३३ २०८०।६।३० | माओत्सेतुङ गुरुङ | ३६००० |
| ३७१ २०८०।१०।१६ | भरत प्रसाद पौडेल | १५१२५ |
| ४४४ २०८०।११।२ | भरत प्रसाद पौडेल | ६७२५० |
| ५०० २०८०।१२।०४ | भरत प्रसाद पौडेल | ३२७५० |
| | जम्मा | १५११२५ |

| | |
|---|---|
| अनियमित भएको | १,५१,१२५ |

४५ **पाठ्यपुस्तक छपाई गरी स्टक राखेको :**

सार्वजनिक खरिद ऐन ,२०६३ दफा ४ मा सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि त्यस सम्बन्धि स्पेशिफिकेशन, विशेष आवश्यकता वा अन्य विवरणहरु तयार गर्नपर्ने उल्लेख छ । साथै सोही ऐनको दफा ५ मा सार्वजनिक निकायले कुनैपनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने र निर्माण कार्यको हकमा बाहेक रु एक लाख भन्दा बढीको खरिद कार्यमा अनिवार्य रुपमा लागत अनुमान तयार गर्नुपर्ने र उपदफा ५(क) अनुसार उक्त लागत अनुमान तोकिएको पदाधिकारीबाट स्वीकृत गराएर मात्र खरिद कार्य गर्नुपर्ने उल्लेख छ ।साथै कुनै सामाग्री खरिद गर्दा स्टक रहने गरी खरिद गर्न नहुने व्यवस्था रहेको छ ।यस पालिकाले उल्लेखित भौचर नं ११४२ मिति २०८१।३।२३ बाट स्थानीय पाठ्यपुस्तक कक्षा ३,४,५ को कुल १५०० थान छपाई गरी रु ४१६९७० खर्च लेखेकोमा निम्नानुसारको पाठ्यपुस्तक स्टक रहेको देखिएकोले ६५८ थान बाँकी रहने गरी छपाई गरेकोले सो को वितरण गरेको भरपाई पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,६१,८६८ |

४६ **सहकारी संस्थाको विवरणः**

नेपालको संविधान, २०७२ को अनुसुचि ८ मा सहकारी संस्था दर्ता संचालन सम्वन्धि अधिकारको प्रयोग गरि पालिकाले यस आर्थिक वर्षमा उपलव्ध गराएको सहकारी संस्थाको विवरण देहाए बमोजिम रहेको छ ।

| **सहकारी संस्थाको किसिम** | **सहकारी संख्या** | **सदस्य संख्या** | **शेयर पूँजी रु** | **बचत रु** | **ऋण लगानी रु** | **जगेडा कोष** |
|---|---|---|---|---|---|---|
| वचत तथा क्रृण सहकारी संस्था लि. | ९ | ४३०५ | १५८४५४३०० | ४४७६९२८८३ | ६०९१३७५९७ | ८६०३०२७२ |
| बहुउदेश्यीय सहकारी संस्था लि. | ३ | २७५३ | ८३७४५८०० | २५४५०२९६२ | ३०५६७२६७८ | १९९८९२८६ |
| क्रृषि सहकारी संस्था लि. | ८ | १३८९ | २७६९९८०० | ४८४१६१४५ | ८१२५२६९७ | ५१६५३७६ |
| अन्य | ३ | १४२८ | ३९००८५०० | १२०७२६९५५ | १६६१९१९२१ | १५५८४७९९ |
| **जम्माः** | २३ | ९८७५ | ३१८९०८४०० | ८७१३३८९४५ | ११६२५५४८९३ | १२६७६९७३३ |

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

४७ **वित्तिय विवरणको विश्लेषणः**

पालिकाले यस वर्ष कूल आन्तरिक आयबाट रु. ५,६६,४५,२५२ राजस्व बाँडफाँडबाट रु. ८,५८,००,८२१ र अनुदानबाट रु. २७,५८,७८,९८४ समेत रु. ४१,८३,२५,०५७ आम्दानी भएकोमा चालुतर्फ रु. १२,६२,४४,४०२ र पूँजीगततर्फ रु. १६,२७,३३,७५३ समेत रु. २८,८९,७८,१५५ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १९.६० प्रतिशत रहेको छ। पालिकाले यस वर्ष गरेको खर्चमा आन्तरिक आयको हिस्सा १९.६० प्रतिशत भएको देखिदा आन्तरिक आयको अवस्था सन्तोषजनक देखिएन आन्तरिक आयको क्षेत्रलाई विस्तार गरि बिकासात्मक तथा दैनिक प्रशासनिक कार्यमा लगाउन सकिने हुंदा समग्र आर्थिक विकास र समृद्धि तथा दिगो विकासको लक्ष्य हांसिल गर्ने तर्फ ध्यान पुर्याउनुपर्दछ ।

४८ **मौज्दात रकमः**


पालिकाले यस वर्ष चालु तथा पूँजीगत कार्यका लागि रु २८ करोड ८९ लाख ७८ हजार खर्च गरेको छ भने पालिकाको बैंक खातामा रु १० करोड ५५ लाख ४२ हजार ५ सय ६१ रुपैयाँ मौज्दात बाँकी रहेको छ । उक्त रकम उपभोग नभई मौज्दात सर्दै गईरहेको अवस्थाले पालिकाको लक्षित उद्देश्य पूरा गर्न कठिन हुने देखिएकाले सो रकमको उपयोग गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

४९ **आन्तरिक नियन्त्रणः**

पालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको छैन । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम छन् -

आन्तरिक नियन्त्रण प्रणालीका सम्वन्धमा महानिर्देशनालयवाट जिन्सी निरीक्षण, योजना अनुगमन निरीक्षण, पाम्सको प्रयोग, उपभोक्ता समितिमार्फत कार्य,गुनासो सुनुवाई, वरवुझारथ, नागरिक वडापत्र, कर्मचारीको कार्यविवरण, सार्वजनिक सुनुवाई, संगठन तथा व्यवस्थापन सर्वेक्षण, कार्यसम्पादन करार, जिन्सी निरीक्षण, आन्तरिक लेखापरीक्षण तथा अन्तिम लेखापरीक्षण लगायतका २९ सुचक तयार गरी फारमको विकास गरिएको र यसमा कार्यालयको धारणा छ/ छैन/ जानकारी नभएको भनी प्रश्नावली तयार गरिएकोमा ३ सुचकमा छैन भन्ने जवाफ दिएको २६ सुचकमा परिपालना भएको र शुन्य वटा सुचकमा थाह नभएकोमा प्रतिकृया प्राप्त भएको छ ।

जसअनुसार कुल सुचकमा ३ सुचकको परिपालना नभएको अर्थात १० प्रतिशत कार्यान्वयनमा नल्याएको, ९० प्रतिशत कार्यन्वयनमा ल्याएको पाईयो । तसर्थ उपरोक्त तथ्यको आधारमा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली सन्तोषजन भएको देखिएको छ । पालिकाले कमजोर देखिएका सुचकहरुमा आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी र विश्वशनीय बनाई कार्यसम्पादन स्थितिलाई सुदृढ बनाउन ध्यान दिनुपर्दछ ।




५० **बजेट पेश, पारित र अख्तियारीः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले मिति २०८०।०३।१० गते रु. ५५ करोड ५३ लाख ५० हजारको बजेट सभा समक्ष पेश गरी २०८०।०३।१७ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०३।२४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। पालिकाद्धारा समय सिमाभित्रै कानुन अनुसार अख्तियारी दिने तर्फ जोड दिनुपर्दछ ।

५१ **बजेट विनियोजनः**

आर्थिक वर्ष २०८०।८१ को पालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाए बमोजिम विनियोजन गरेको छ ।

| कुल बजेट | चालु बजेट रु. | प्रतिशत | पूँजीगत बजेट रु. | प्रतिशत |
|---|---|---|---|---|
| ५५,९४,२८,००० | ३२,०३,४२,००० | ५७.२६ | २३,९०,८६,००० | ४२.७४ |

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु. ५५ करोड ९४ लाख २८ हजार बजेट विनियोजन भएको मध्ये चालु तर्फ रु. ३२ करोड ०३ लाख ४२ हजार (५७.२६ प्रतिशत) र पूँजीगत तर्फ रु. २३ करोड ९० लाख ८६ हजार (४२.७४ प्रतिशत) बजेट विनियोजन भएको छ । पालिकाले चालु वजेटको तुलनामा पुंजिगत वजेटको हिस्सा वढाउन तर्फ कदम चाल्नुपर्दछ ।

५२ **रकमान्तरः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा रकमान्तर सम्वन्धि व्यवस्था छ । जसमा कार्यपालिकाको स्विकृत वार्षिक वजेटको अधिनमा रही कुनै शीर्षकवाट पुँजीगत शिर्षकमा पच्चीस प्रतिशत नवढाई रकमान्तर गर्न सक्ने उल्लेख रहेकोमा कार्यपालिकाका विभिन्न मितिका निर्णय अनुसार ६७ योजनामा रकमान्तर गरेको छ। यस वर्ष विनियोजित कुल पुँजीगत वजेट तर्फ रु. २३ करोड ९० लाख ८६ हजार विनियोजन भएकोमा विनियोजन भएको रकमको कार्यक्रमगत रुपमा रु. ५ करोड ६१ लाख ८० हजार अर्थात २३.४९ प्रतिशत रकमान्तर भएको देखियो। पालिकाको सर्वोच्च कानुन वनाउने संस्था गाउँसभाले पारित गरेको वजेट संरचनामा कार्यपालिकाबाट पटके निर्णय गरि खर्च गर्ने पद्धति आर्थिक विचलन तथा सुशासनको अवस्थामा ह्रास आउने देखिन्छ तसर्थ ऐनको परिधि भित्र रहेर रकमान्तर गर्नुपर्दछ।

५३ **पुँजीगत बजेट तथा पूँजीगत खर्चः**

गाउँपालिकाको यस आर्थिक वर्षको बजेट र पूँजीगत खर्चको अवस्था देहाए बमोजिम रहेको छ ।

| क्र.स. | आर्थिक वर्ष | बजेट | पूँजीगत खर्च | बजेटको तुलनामा पूँजीगत खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०८०/८१ | २३,९०,८६,००० | १६,२७,३३,७५३ | ६८.०६% |

पालिकाले यस वर्ष पूँजीगत तर्फ रु २३ करोड ९० लाख ८६ हजार विनियोजन गरेकोमा रु १६ करोड २७ लाख ३३ खर्च गरेको छ जुन ६८.०६ प्रतिशत मात्र हुन आउने हुंदा पुंजिगत खर्चको हिस्सा वढाउन तर्फ पालिकाले जोड दिनुपर्दछ ।

५४ **चालु बजेट तथा चालु खर्चः**

स्थानीय सरकार सञ्चलान ऐन २०७४ वमोजिम पालिकाहरुमा वार्षिक कार्यक्रम तथा बजेट परिषदबाट स्वीकृत गरी बजेट विनियोजन गर्नुपर्दछ ।

| क्र.स. | आर्थिक वर्ष | बजेट | चालु खर्च | बजेटको तुलनामा चालु खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ३२,०३,४२,००० | १२,६२,४४,४०२ | ३९.४०% |

पालिकाले यस वर्ष चालु तर्फ रु. ३२ करोड ०३ लाख ४२ हजार विनियोजन गरेकोमा रु. १२ करोड ६२ लाख ४४ हजार खर्च गरेको छ जुन ३९.४० प्रतिशत हुन आउँछ । चालु खर्चलाई वाञ्छित सिमाभित्र राखि पुँजिगत खर्चको प्रतिशतलाई वढाउन तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

५५ **क्षेत्रगत बजेट र खर्चः**

स्थानीय सरकार संचालन ऐन, २०७४ दफा ६७ मा वजेट तथा कार्यक्रम तर्जुमा समितिको व्यवस्था छ ।स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २080।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ३,६३,७२,०००.०० | २,३७,३५,३६६.०० | ६५.२६ |
| सामाजिक विकास | १५,३८,६२,३००.०० | १३,८८,८५,१२८.६४ | ९०.२७ |
| पूर्वाधार विकास | १७,९२,४०,०००.०० | १३,७५,३५,६३३.१४ | ७६.७३ |
| सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र | ५९,३०,०००.०० | ३७,७७,५५३.०० | ६३.७ |
| कार्यलय सञ्चालन | १८,४०,२३,७००.०० | १६,३२,९७,२३६.७३ | ८८.७४ |
| **जम्मा** | ५५,९४,२८,०००.०० | ४६,७२,३०,९१७.५१ | ८३.५१ |

उपरोक्तानुसार कुल खर्च मध्ये आर्थिक विकासमा ६५.२६ प्रतिशत, सामाजिक विकासमा ९०.२७ सुशासन तथा अन्तरसम्वन्धित क्षेत्रमा ६३.७, पूर्वाधार विकासमा ७६.७३ प्रतिशत र कार्यालय संचालनमा ८८.७४ खर्च भएको देखिदा वजेट विनियोजन तथा खर्च गर्दा सन्तुलित तथा समन्यायिक हिसावले खर्च गर्ने प्रदतिको विकास गर्नुपर्दछ ।

५६ **त्रैमासिक पूँजीगत खर्चः**

आर्थिका कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुचि २ बमोजिम त्रैमासिक प्रगति विवरण बनाउनु पर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा गरेको खर्चको स्थिती देहाय बमोजिम रहेको छ ।

(रु. हजारमा)

| सि.नं. | खर्च शीर्षक | कुल खर्च | त्रैमासिक खर्च (रु.हजारमा) | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | कूल खर्च | ४६७२३० | ७३७०४ | ५६४३४ | १२०३२७ | २१६७६५ | १४३०३० |
| | खर्च प्रतिशत | १००.०० | १५.७७ | १२.०७ | २५.७५ | ४६.३९ | ३०.६१ |

उल्लेखित विवरण अनुसार चौथो त्रैमासिक पूँजीगत खर्चको ४६.३९ प्रतिशत खर्च भएको देखिन्छ भने असार महिनामा मात्र ३०.६१ प्रतिशत खर्च भएको देखिन्छ । त्यसैले चौथो त्रैमासिक र असार महिनामा बढी खर्च गर्दा सार्वजनिक निर्माणको गुणस्तर र अनुगमन नियमनमा समेत असर पर्ने हुंदा यस्तो खर्च गर्ने पद्धतिमा नियन्त्रण हुनुपर्दछ ।

५७ **योजना छनौट र कार्यान्वयनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कार्यान्वायन गरेका योजनाहरुको विवरण देहाए बमोजिम रहेको छ ।

(रु. हजारमा)

| क्र.सं. | विवरण | योजनासंख्या | रकम |
|---|---|---|---|
| १ | रु.१ लाखभन्दा कमको योजना | १९९ | ९०८३६०० |
| २ | रू.१ लाख देखि रू.३ लाख सम्मका योजना | ९७ | २१२५७२३ |
| ३ | रू.३ लाख देखि माथि रू.५ लाख सम्मका योजना | २७ | १२०३६२३० |
| ४ | रु.५ लाखदेखि माथि रू.१० लाख सम्मका योजना | २० | १६१५०००० |
| ५ | रू.१० लाख देखि माथि रू.२५ लाख सम्मका योजना | २२ | ४०१२०००० |
| ६ | रू.२५ लाख भन्दा माथीका योजना | ६ | २३३६७२७० |
| | **जम्मा** | **३७१** | **१२२०१४३३६** |

उपरोक्त विवरण अनुसार ५ लाख भन्दा कमका ३२३ योजना अर्थात ८७ प्रतिशत साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा अपेक्षित उपलब्धी प्राप्त गर्न कठिनाई हुने हुँदा यस्तो कार्यमा नियन्त्रण गरी ठुला र प्राथमिकता प्राप्त योजनामा ध्यान दिनुपर्दछ ।

५८ **न्यायीक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फछ्र्यौट कारवाही देहाय बमोजिम रहेको छ ।

| गत वर्षबाट सरेका विवाद | यस वर्ष दर्ता भएको | जम्मा | फछ्र्यौट/कारवाही भएका विवाद | फछ्र्यौट/कारवाही हुन बाँकी विवाद |
|---|---|---|---|---|
| ० | ६ | ६ | ३ | ३ |

उपरोक्तानुसार यो वर्ष जम्मा ६ वटा मुद्धा दर्ता भएकोमा ३ वटा फछ्र्यौट भई ३ वटा मुद्धा वांकी रहेको छ। फछ्र्यौट हुन वांकी मुद्धालाई तदारुकताका साथ न्याय निरुपण गर्नुपर्दछ ।

५९ **कानुन निर्माणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

| **सि.नं.** | **विवरण** | **संख्या** |
|---|---|---|
| १ | ऐन | ८ |
| २ | कार्यविधि तथा निर्देशिका | २३ |
| ३ | नीति | १ |
| | **जम्मा** | **३२** |

पारित भएका ३२ ऐन नियमलाई अनिवार्य रुपमा राजपत्रमा प्रकाशित गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

६० **सेवाप्रवाहको स्थितिः**

सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन, २०६५ वमोजिम सार्वजनिक निकायले सेवा प्रवाहलाई छिटो छरितो पहुंचयोग्य वनाउनुपर्दछ । यस नगरपालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्न विषयमा विभिन्न प्रकारका १४१३ जनालाई देहाय बमोजिम पञ्जिकरण सेवा प्रवाह गरेको छ तर के कति सेवाग्राहीले सेवाको लागि निवेदन दिएका थिए सो को रेकर्ड प्राप्त हुन सकेन। पालिकाले सेवा प्रवाहको पृष्ठपोषणको रुपमा सेवाग्राही सन्तुष्टी फारमको विकास गरि पृष्ठपोषणको समेत व्यवस्था गर्नुपर्दछ ।

| विवरण | सेवा संख्या |
|---|---|
| जन्म दर्ता | ५०६ |
| मृत्यु दर्ता | २४२ |
| बसाईसराई दर्ता | ३५६ |
| विवाह दर्ता | २५२ |
| सम्बन्ध विच्छेद दर्ता | ५७ |
| **जम्मा** | १४१३ |

६१ **तलवी प्रतिवेदन :**

तलवी प्रतिवेदन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च नं १८० मिति २०७६।५।१८ गतेको परिपत्र वमोजिम स्थानीय तहका कर्मचारी र संघबाट काजम स्थानीय तहमा कामकाज गर्न खटाईएका कर्मचारीहरुको तलवी प्रतिवेदन नेपाल सरकारको मिति २०७६।५।१८ गतेको निर्णय वमोजिम सम्वन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गर्ने उल्लेख भएकोमा यस पालिकाले पालकाबाटै पालिकाका स्थायी कर्मचारीहरुको तलबि प्रतिबेदन पारित गरी जम्मा तलव भत्ता वापत रु १ करोड ८८ लाख ५८ हजार खर्च लेखेको छ।

६२ **संगठन तथा कर्मचारी व्यवस्थापन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित संघिय सरकारबाट स्विकृत तथा पालिकाबाट स्विकृत प्राविधिक, स्वास्थ्य चौकी तर्फ, कृषि तथा पशु तर्फ गरी जम्मा ६२ दरबन्दी रहेका छन भने ११ पद रिक्त रहेका छन र कतिपय करार कर्मचारी रहेको देखिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित पदहरु रिक्त रहेका छन् । साथै करारवाट नगरपालिका तथा ७ वटै वडाका लागि विशेष गरी स्वास्थ्य तर्फ २४ र गापामा संघका भिन्न कार्यक्रमतर्फका र पालिकाकै दरबन्दी भित्रका गरी ५७ जना करारमा रहेको देखिएको छ । पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य गरी पालिकालाई आवश्यक दरबन्दी पारित गराई स्थाई पदपूर्ति गर्नुपर्दछ ।स्थाई कर्मचारी नियुक्ति गरी दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य स्थाई पदपूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

६३ **प्रोत्साहन भत्ताः**

प्रोत्साहन भत्ताः- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

| प्रोत्साहन भत्ताको नाम | कर्मचारी संङ्ख्या | रकम रु |
|---|---|---|
| अतिरिक्त कार्य प्रोत्साहन भत्ता | ४ | ४५६००० |
| फिल्ड भत्ता | १२ | १२१२००० |
| सवारी चालक | ४ | १९२००० |

अर्थ मन्त्रालय द्वारा जारी कार्य संचालन निर्देशिका, २०७५ को दफा ७.१.४ मा कार्यालयले प्रोत्साहन भत्ता उपलब्ध गराउँदा अतिरिक्त समय काम गरे वापतको भत्ताको लागि अतिरिक्त समयमा गरिने काम र सो वाट प्राप्त हुने नतिजा कार्यालय प्रमुखवाट प्रमाणित गराउनु पर्ने र यस प्रयोजनका लागि अनिवार्य रुपमा विद्युतिय हाजिर प्रणाली लागु हुनुपर्ने व्यवस्था छ। म्याग्दे गाउँपालिका खर्चको मापदण्ड २०७७ बमोजिम प्रमुख प्रशासकिय अधिकृतलाई मासिक रु. १२०००.०० लेखा प्रमुखलाई रु. ११०००.००, लेखा सहायक १ जना लाई ८०००.०० र योजनाशाखा प्रमुखलाई रु ७०००.०० का दरले प्रोत्साहन भत्ता प्रदान गर्ने व्यवस्था गरेको छ । पालिकाले सो व्यवस्थानुसार यस आर्थिक वर्षमा रु. ५ लाख बजेट विनियोजन भएकोमा रु. ४५६०००.०० खर्च लेखेकोमा विद्युतिय हाजिरी र दैनिक थप काम गरेको प्रमाणित अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : म्याग्दे गाउँपालिका, तनहुँ , म्याग्दे गाउँपालिका , तनहुँ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | नारायण प्रसाद अधिकारी | २०७७-५-३० | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,२९९,९९८ | २,६१७,२१० | १३,९०७,६१४ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १७,८२४,८२२ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | १,०३६,२८४ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १६,७८८,५३८ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १५४५१०८९०.६१ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २५७७७२६३४.६९ | **चालु खर्च** | १२६२४४४०२.३४ |
| **प्रदेश सरकारबाट अनुदान** | १८१०६३५० | **पूँजीगत खर्च** | १६२७३३७५३ |
| **राजश्व बाँडफाँट** | ८५८००८२२.२१ | **वित्तीय/अन्य व्यवस्था** | ३४०३२८६४५.४७ |
| **आन्तरिक आय** | ५६६४५२५२.४६ | | |
| **अन्य आय** | १६२०१३४११.५२ | | |
| **कुल आय** | ५८०३३८४७०.८८ | **कुल खर्च** | ६२९३०६८००.८१ |
| **बाँकी मौज्दात** | | १०५५४२५६०.६८ | |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- पालिकाले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितता बेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।

- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना अभिवृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।